# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## बडादसैँ, २०८३ को शुभकामना सन्देश

नेपालीहरूको महान् धार्मिक ,सांस्कृतिक एवं राष्ट्रिय पर्व बडादसैँ, २०८३ को पावन अवसरमा बागमती प्रदेश, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको  हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।
आश्विन शुक्ल प्रतिपदाका दिन घटस्थापना गरी नवमीसम्म नवदुर्गा भवानीको साधना र पूजा अर्चना गरिन्छ । विजया दशमीको दिन मान्यजनको हातबाट टीका, जमरा र आशीर्वाद ग्रहण गरिन्छ । यो क्रम कोजाग्रत पूर्णिमासम्म जारी रहन्छ ।
असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको तथा अधर्ममाथि धर्मको विजयको प्रतीकका रूपमा मनाइने बडादसैँले हामी सबैमा सत्य, सदाचार, सहिष्णुता, आपसी सद्भाव र मानवीयताको भावना अभिवृद्धि गर्न अभिप्रेरित गर्नेछ भन्ने अपेक्षा लिएको छु। यस महान् पर्वले नेपाली समाजमा विद्यमान विविधताबीचको एकता, मेलमिलाप, सद्भाव  र राष्ट्रिय गौरवलाई थप सुदृढ बनाउँदै सभ्य  र सुसंस्कृत समाज निर्माणमा टेवा पुग्ने विश्वास लिएको छु ।
यस वर्षको दसैँ मनाइरहँदा हामी प्राकृतिक विपत्तिसँग जुझिरहेका छौँ । पीडाका आला घाउहरूले हामीलाई आहत पारेका छन् । मुख्यतः  बागमती प्रदेश महाविपत्तिले आक्रान्त छ । दुर्गा भवानीले हामी सबैमा फेरि उठेर अघि बढ्ने शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्दछु । भविष्यका मौसमीय र  सम्भावित अन्य  बिपदबाट सुरक्षित हुन र जोखिम न्यूनिकरणमा जुट्न आम नागरिक र राज्यका निकायलाई कुनै बिलम्ब नगरी गम्भीर बन्न  म आह्वान गर्दछु ।
साथै, चाडपर्व मनाउने क्रममा फजुल खर्च, अनावश्यक तडकभडक र देखासिकीलाई निरुत्साहित गर्दै आफ्नो आर्थिक अवस्थाअनुसार मर्यादित, मितव्ययी र सभ्य रूपमा दसैँ मनाउन सबैमा अनुरोध गर्दछु । चाडपर्वको वास्तविक सुन्दरता खर्च र प्रदर्शनमा होइन, आत्मीयता, सद्भाव, समभाव  र साझा खुसीमा निहित हुन्छ भन्ने भावनालाई आत्मसात्  गर्न सबैमा आग्रह गर्दछु ।
बडादसैँ, २०८३ को पुनः हार्दिक मङ्गलमय शुभकामना!

**२०८३ साल असोज ३१ गते, शनिबार**
**ने. सं. ११४६ कौलाथ्व: षष्ठी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**